उद्घोष राष्ट्रिय दैनिक
वर्ष ३३, अंक २४६
मिति :- २०८० ज्येष्ठ ३१ गते बुधवार

बुढीगंगा गाउँपालिका

बुढीगंगा पालिका अस्पताल

बुढीगंगा-३, मोरङ
कोशी प्रदेश, नेपाल

औषधि, केमिकल तथा अन्य सामग्री आपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/३१

यस बुढीगंगा पालिका अस्पताललाई आ.ब. २०८०/०८१ को लागि आवश्यक पर्ने औषधि, केमिकल र अन्य सामग्री आपूर्ति गर्न चाहने इच्छुक आपूर्तिकर्ताहरुले यस संस्थाले तोकेको शर्त अनुसार निवेदन पेश गर्न यो २१ दिने सूचना प्रकाशन गरिएको छ।

बिस्तृत जानकारीको लागि

website :www.budhigangamunmorang .gov.np
Facebook page : BudhigangaGaupalika

अस्पतालको सूचना पाटी हेर्नुहुन साथै
मो.न ९८६२५१४९८८, ९८४२०८३५२० र ९८१६३१२३०३ मा सम्पर्क गर्न हुन अनुरोध छ।

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुढीगंगा पालिका अस्पताल
बाँसबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं. : २०७९/०८०

मिति :२०८०/०२/३१

च.न : ६२

बिषय : औषधि , केमिकल र अन्य सामग्री आपुर्ति सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८०/०२/३१

उपरोक्त सम्बन्धमा यस बुढीगंगा पालिका अस्पताललाई आ.ब. २०८०/०८१ को लागि आवश्यक पर्ने औषधि , केमिकल र अन्य सामग्री को आपुर्तिका लागि सार्बजनिक सूचना प्रकाशन गर्ने अस्पताल ब्यबस्थापन तथा संचालक समितिको मिति २०८० साल जेष्ठ २ गतेको निर्णय बमोजिम आपुर्ति गर्न इच्छुक सम्पुर्ण औषधि , केमिकल र अन्य सामग्री आपुर्ति कर्ताहरुको लागि तपसिलका शर्तहरुको अधिनमा रहने ग़रि यो २१ दिने सूचना प्रकाशन गरिएको ब्यहोरा अनुरोध छ ।

शर्तहरु

१. **औषधि , केमिकल र अन्य सामग्रीको किसिम र प्रकार :** स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पर्ने अस्पतालबाट आबश्यक्ता अनुसार माग भए बमोजिमका औषधि , केमिकल र अन्य सामग्री आपुर्ति गर्नुपर्ने छ ।

२. **औषधि , केमिकल र अन्य सामग्रीको शुल्क :** हरेक औषधिमा रहेको MRP मा कम्तिमा १३.७% छुट दिनुपर्नेछ भने सोही औषधिमा सम्बन्धित कम्पनिले दिने नियमानुसारको बोनस औषधिहरु बिलमा नै उल्लेख गरि प्रदान गर्नुपर्ने छ । यसरी उपलब्ध गराउनु पर्ने बोनस औषधिहरु नियमानुसार उपलब्ध नगराएमा भुक्तानी दिन बाँकि रकम आपुर्तिकर्तालाई दिन अस्पताल बाध्य हुने छैन । निबेदनमा आपुर्तिकर्ताले MRP मा दिने छुट उल्लेख गर्नु पर्ने छ । औषधि कुन ब्राण्डको लिने भन्ने अस्पतालबाट माग फारममा उल्लेख गरि पठाइनेछ । सबैभन्दा धेरै प्रतिशत छुट ,धेरै बोनस र भुक्तानी समयाबधि धेरै दिने आपुर्तिकर्तालाइ प्रथमिकता दिइने छ ।

केमिकलको हकमा न्युनतम दररेटमा यस आ.ब. भरि मूल्य नबढाइ माग गरे बमोजिम उपलब्ध गराउनु पर्ने छ । केमिकलको सूचि अस्पताल बाट उपलब्ध गराइने छ । अन्य सामग्रीमा भिडियो एक्स रे रोल ,एक्स रे फिल्म , इसिजि ग्रफ पेपर रोल , सिरिन्ज , सर्जिकल ग्लोभ्स , लुज ग्लोभ्स र ल्याबमा प्रयोग हुने अन्य सामग्री समेत पर्नेछन र यिनको न्युनतम दररेटमा यस आ.ब. मा मुल्य नबढाइ माग गरे बमोजिम उपलब्ध गराउनु पर्ने छ । सबै भन्दा कम दर रेट र भुक्तानीका लागि बढी समय दिने आपुर्तिकर्तालाइ प्राथमिकता दिइने छ । यस अस्पतालमा Meril ,Erba, Ichroma Microlyte र Carestream Machine रहेको हुनाले सोही अनुसारका केमिकल र सामग्री उपलब्ध गराउनु पर्ने छ ।

३. **औषधि , केमिकल र अन्य सामग्रीको ढुवानी :** आपतकालिन अबस्था बाहेक नियमित रुपमा कम्तिमा हप्तामा एकपटक अस्तालबाट माग भए बमोजिम औषधि ,केमिकल र अन्य सामग्री अस्पताल सम्म निःशुल्क ढुवानी गरिदिनु पर्ने छ । यी समानहरुको अस्पतालमा अभाब नहुने गरि ढुवानीको ब्यबस्था आपुर्तिकर्ताले गरिदिनु पर्ने छ । आपुर्तिकर्ताले समयमै ढुवानी नगीरदिएमा संचालक समितिले आपुर्तिकर्तालाई जरिवाना गर्न सक्ने छ ।

४ **भुक्तानीको बिषय :** अस्पतालको फार्मेसी , ल्याब , भिडियो एक्स रे ,इसिजि र एक्स रे लगायत सबै सेवाको रकम स्वास्थ्य बीमा बोर्डमा दाबि गर्दै जाने र बीमा बोर्डबाट क्रमश भुक्तानी प्राप्त हुँदै जाने भएको हुनाले अस्पतालले पाउनुपर्ने

पुरै भुक्तानी प्राप्त नभइ अस्पतालले भुक्तानी दिनुपर्ने रकम बाँकी रहेमा आर्थिक बर्षको अन्तमा लेखापरिक्षण बाट दायित्वमा देखाइने छ । भुक्तानी दिदा यसै प्रकृतिका पहिलेका सम्झौताकर्ताहरुलाई चुक्ता गरिसकेपछि मात्र नयाँ लाइ भुक्तानी दिइने छ । आपुर्तिकर्ताले अस्पताललाई दिन सक्ने न्युनतम भुक्तानी समयाबधि निबेदनमा उल्लेख गर्नुपर्ने छ ।

५.**आबश्यक कागजपत्रहरु :** अस्पतालमा निबेदन दस्तुर बुझाएपछि प्राप्त हुने फारम पूर्ण रुपमा भरि दस्तुर तिरेको रसिद , स्थायी लेखा नम्बर/मूल्य अभिबृध्दि कर कार्ड , संस्था वा फर्म दर्ता प्रमाण पत्र , यस अस्पतालमा सूचिदर्ता गरेको पत्र वा बुढिगंगा गाउँपालिका मा सूचि दर्त्ता गरेको पत्रको प्रतिलिपि र नियमानुसार कर चुक्ता गरेको वा म्याद थप गरेको पत्र का प्रतिलिपिहरु पेश गर्नुपर्ने छ । आपुर्तिकर्ताले यस अघि कुनै सरकारी संस्थामा समानहरुको आपुर्ति गरेको भए सो को प्रतिलिपि समेत पेश गर्नुपर्ने छ । आपुर्तिकर्ताले निबेदनमा आफुले उपलब्ध गराउन सक्ने औषधि ,केमिकल र अन्य सामग्रीको सूचि , बोनस र मूल्य उल्लेख गर्नुपर्ने छ । संचालक समितिले अन्य कागजात समेत माग गरेमा उपलब्ध गराउनु पर्ने छ ।

६. **निबेदन दर्ताको तरिका र अन्तिम समय :**

क) **कार्यालयमा आएर** : इच्छुक आपुर्तिकर्ताले आबश्यक कागजातहरु र निबेदन अस्पतालको प्रशासन शाखामा निबेदन दस्तुर रु २०००/- (दुइ हजार मात्र) फिर्ता नहुने गरि कार्यालयको बिल काउण्टरमा बुझाएको रसिद सहित निबेदन दर्त्ता गराउनु पर्नेछ । इच्छुक आपुर्तिकर्ताले एउटा मात्र वा सबै अनुसूचि भर्दा पनि समान दस्तुर लाग्नेछ ।

ख) **निबेदन दिने मिति :** २०८० साल जेष्ठ ३१ गते देखि २०८० साल असार १९ गते सम्म कार्यालय समयमा । सो समय पछाडिका कुनै पनि निबेदन लिइने छैन । अन्तिम मितिको दिन यस अस्पतालमा सार्बजनिक बिदा पर्न गएमा भोलिपल्ट कार्यालय समय भित्र अन्तिम समय हुनेछ ।

७. आपुतिकर्ताले तोकिएका सामग्रीहरु अस्पतालको माग बमोजिम उपलब्ध गराउन नसके जुनसुकै समयमा अस्पतालले अन्यजुनसुकै संस्थाबाट खरिद गर्न पाउनेछ । यसरी खरिद गर्दा माथि बुदा नं २ मा उल्लेख भएको बोलकबोल भन्दा छुट प्रतिशत र मूल्य अन्तर परी अस्पताललाई घाटा हुने भएमा सो को क्षतिपुर्ति सामग्री उपलब्ध गराउन नसक्ने संस्थाले ब्यहोर्न पर्नेछ । सो रकम भुक्तानि दिन बाँकी रकम बाट कटटा गरिनेछ ।

८. इच्छुक आपुर्तिकर्ताको कुनै प्रस्ताब भए निबेदन साथ पेश गर्न सकिने छ ।

९. माथि उल्लेखित सबै बुँदाहरु उत्तिकै महत्वपूर्ण छन । छनौटको सम्पूर्ण अधिकार अस्पताल संचालक समितिमा निहित रहनेछ । आपर्तिकर्ता छनौट सम्बन्धि सूचना पछि प्रकाशन गरिनेछ । औषधिको अनुसूचि , केमिकलको अनुसूचि र अन्य सामग्रीको अनुसूचि छुटटाछुटटै हुनेछन । इच्छुक आपुर्तिकर्ताले कुनै एक मात्र अनुसूचि वा सबै अनुसूचि का लागि निबेदन दिन पाइने छ तर एउटा अनुसूचिको उल्लेखित कुनै समान छाडन पाइने छैन ।

बोधार्थ :

श्री बुढिगंगा गाउँपालिका हात्तिमुडा मोरङ : सूचना पाटी ,वेबसाइट र फेसबुक पेजमा सूचना राखिदिनु हुन अनुरोध छ ।

श्री बुढिगंगा गाउँपालिका ३ नं वडा कार्यालय : सूचना पाटीमा सूचना टाँस गरिदिनुहुन अनुरोध छ ।

पहल बहादुर बस्नेत
अस्पताल प्रमुख

पहल बहादुर बस्नेत
अस्पताल प्रमुख

SN	PARTYCULAR	COMPANI	QUNTITY	RATE	AMOUNT
1	Syringe 5ml	Life line	1 p		
2	Syringe	Life line	1p		
3	Diluent	Erba	1 jar		
4	Lyse	Erba	1 p		
5	TG	Meril	1 p		
6	Cholesterol	Meril	1 p		
7	Urea	Meril	1p		
8	Creatinine	Meril	1p		
9	Uric Acid	Meril	1p		
10	HDL	Meril	1 p		
11	H360 Cleaner	Erba	1p		
12	Cleaner biochemistry	Meril	1p		
13	Bilirubin	Meril	1p		
14	SGPT	Meril	1p		
15	SGOT	Meril	1p		
16	ALP	Meril	1p		
17	ALB	Meril	1p		
18	T.Protein	Meril	1p		
19	CAL-A	microlyte	1p		
20	Deily Cleaner	Microlyte	1p		
21	D.Protien	Microlyte	1p		
22	Vit D	ICHROMA	1P		
23	TSH	ICHROMA	1P		
24	T3	ICHROMA	1P		
25	T4	ICHROMA	1P		
26	HBA1C	ICHROMA	1P		
27	ANTI CCP	ICHROMA	1P		
28	PSA	ICHROMA	1P		
29	ANTI TPO	ICHORMA	1P		
30	HBSAG	HEPACARD	1P		
31	H.PYLORI	Acon	1P		
32	TYPHIDOT IGG/IGM	Acon	1P		
33	HIV	TRIDOTS	1P		
34	CRP 100T	HUMAN/labkit	1P		
35	RA FACTOR 100T	Humam/labkit	1P		
36	URINE STRIP 3PARAMETERS	ACON	1P		
37	UPT HCG CARD	ACON	1P		
38	HEMOSPORT	CORAL	1P		
39	ASO 100T	Human/labkit	1P		
40	PLAIN VIAL 100 P		1P		
41	EDTA VIAL 100P3K		1P		
42	AMYLYSE	MERIL	1P		
43	TEST TUBE 12*75 100 P		1P		
44	VDRL STRIP	ACONE	1P		

45	COTTON ROLL 400G	LIFE LINE	1P		
46	SPIRIT		5L		
47	URINE POT		500 P		
48	SUGAR FSR	meril	1LIT		
49	DISTILLED WATER		1 JAR		
50	GLOVES SURGICAL /LOOSE	LIFE LINE	10 BOX		
51	NUTRIENT AGAR	HIMEDIA	500 G		
52	MAC CONKEY AGAR	HIMEDIA	500G		
53	WIRE LOOP		1PS		
54	COVER SLIP 18MMor22mm		1BOX		
55	SLIDE		1pkt		
56	TIPS 1000 ul		1pkt		
57	Tips 200ul		pkt		
58	CAL-B	MICROLYTE	1P		
60	URINE STRIP 11 PARAMETERS	ACON	1P		
61	WIDAL	SPAN/coral	1P		
62	MICROPIPETE 10-100 UL	SEROLOGY	1P		
63	MICROPIPETE10-200 UL	SEROLOGY	1P		
64	MICROPIPETE 1000 UL	SEROLOGY	1P		
65	PERTIDISK		1BOX		
66	WRIGHT STAIN		25G		
68	K-39		1P		
69	DENGUE IGG/IGM ANTIGEN	Acon	1BOX		
70	MALARIA	Acon	1BOX		
71	SPIRIT LAMP		1P		
72	AZITHROMYCIN	HIMEDIA	1P		
73	CIPROFLOXACIN	HIMEDIA	1P		
74	CEPHALEXIN	HIMEDIA	1P		
75	CO-TRIMOXAZOLE	HIMEDIA	1P		
76	NITROFURANTION	HIMEDIA	1P		
77	OFLOXACIN	HIMEDIA	1P		
78	AMIKACIN	HIMEDIA	1P		
79	GENTAMYXCIN	HIMEDIA	1P		
80	NORFLOXACIN	HIMEDIA	1P		
81	ERYTHROMYCIN	HIMEDIA	1P		
82	CEFIXIME	HIMEDIA	1P		
83	USG JELLY		5KG		
84	X-RAY FILM 8*10	CARESTEAM	1P		
85	X-RAY FILM 10*12	CARESTEAM	1P		
86	USG ROLL		1P		
87	CONICAL FLASK 1000 ML		1P		
88	ECG ROLL		1PIC		